# संघीय संसद
# प्रतिनिधि सभा, २०७९

पहिलो अधिवेशन

## बैठक संख्या - ९

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ २९ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ३:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ गुल्मी जिल्लाको कालीगण्डकी गाउँपालिकाको हुर्तुङ्ग भन्ने स्थानको जंगलमा आगलागी हुँदा गाउँको सुरक्षाको लागि आगो निभाउन गएका दुई युवा भारती र टिका गिरी आगोमा जलेर घाइते भई हाल उपचाररत रहेकोले उहाँहरुको उपचार सरकारको तर्फबाट होस्, सम्माननीय राष्ट्रपतिबाट संसदमा सम्बोधन गर्न आउँदा र सम्बोधन पश्चात् फर्कंदा सडकमा सवारी जाम हुँदा राष्ट्रपति जस्तो संस्थाको आलोचना हुने गरेकोले सरकारले यस्ता औपचारिक कार्यक्रममा हुने सवारीलाई अविलम्ब व्यवस्थित गर्नेतर्फ ध्यान दिईयोस्, निशुल्क शिक्षाको विषय पटक पटक उठेपनि जुम्ला लगायतका हिमाली जिल्लामा भने विद्यार्थीले पढ्न किताब समेत उपलब्ध हुन नसकेकोले अविलम्ब पाठ्यपुस्तक उपलब्ध गराउने वातावरण सरकारले मिलाउनु पर्ने लगायतका विषयहरुमा निम्नलिखित मा० सदस्यहरुले आ आफ्नो धारणा राख्नुभयो :

१. मा० डा० चन्द्रकान्त भण्डारी
२. मा० श्री रघुजी पन्त
३. मा० श्री ज्ञानबहादुर शाही

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा भाग लिनुभयो :-

१. मा० श्री मनबहादुर गुरुङ्ग
२. मा० श्री महेश कुमार बर्तौला
३. मा० श्री मुक्ता कुमारी यादव
४. मा० श्री मेनका कुमारी पोखरेल
५. मा० श्री मैना कार्की
६. मा० श्री योगेश कुमार भट्टराई
७. मा० श्री रण कुमारी वलम्पाकी मगर
८. मा० श्री रणेन्द्र बराली
९. मा० श्री रमा कोईराला पौड्याल
१०. मा० श्री राजकिशोर यादव
११. मा० श्री राजेन्द्र बजगाई
१२. मा० श्री रामकृष्ण यादव
१३. मा० श्री रामहरी खतिवडा
१४. मा० श्री रुपा सो.शी. (चौधरी)
१५. मा० श्री रेखा यादव
१६. मा० श्री लक्ष्मी तिवारी

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदीले "थारु आयोगको चौथो वार्षिक प्रतिवेदन (२०७८ श्रावण - २०७९ आषाढ)" पेश गर्नुभयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री एवं अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलले आ.व. २०७९/८० को बजेटको अर्ध वार्षिक मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम मा० मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको प्रश्नको मा० उपप्रधानमन्त्री एवं अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलले जवाफ दिनुभयो ।

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री मेटमणि चौधरी
५. मा० श्री दिलेन्द्र प्रसाद बडू
६. मा० श्री तेजुलाल चौधरी
७. मा० श्री हरि ढकाल
८. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
९. मा० श्री प्रदिप पौडेल
१०. मा० श्री मनिष झा
११. मा० श्री बासुदेव घिमिरे
१२. मा० श्री ज्ञान बहादुर शाही
१३. मा० श्री अनिता देवी
१४. मा० श्री सुमना श्रेष्ठ

१५. मा० श्री रामहरी खतिवडा
१६. मा० श्री प्रकाश ज्वाला
१७. मा० श्री विराजभक्त श्रेष्ठ
१८. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
१९. मा० श्री रञ्जु कुमारी झा

तत्पश्चात मा० श्री रामहरी खतिवडाले स्थान रिक्तताको जानकारी गराइसकेको प्रतिनिधि सभा सदस्यको नाम आजको शून्य समयको सूचीमा कसरी समावेश भयो भन्नुहुँदै नियमापत्ति गर्नुभएपछि सम्माननीय सभामुखले सो विषयमा जानकारी भैसकेको र त्यस सम्बन्धमा प्राविधिक रुपमा त्रुटि भएकोले सचिवालयको ध्यानाकर्षण गराइसकिएको व्यहोरा मा० सदस्यलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० उपप्रधानमन्त्री एवं अर्थ मन्त्रीले प्रस्तुत गर्नुभएको आ.व. २०७९/८० को बजेटको अर्ध वार्षिक मूल्याङ्कन प्रतिवेदन मा० सदस्यहरुको लागि वितरण कक्षबाट उपलब्ध हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य कर्मा घलेको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०७४ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक सदस्यमा निर्वाचित, सक्रिय राजनीतिका साथै सामाजिक कार्यमा अतुलनीय योगदान दिनुभएका, शालिन एवं सरल व्यक्तिको रुपमा परिचित कर्मा घलेको ५९ वर्षको उमेरमा मिति २०७९ माघ २४ गते मंगलबार महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले स्वर्गीय कर्मा घलेको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल फागुन ३ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:४५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव